# आदरणीय उपाध्यक्षज्यूमार्फत गाउँसभामा प्रस्तुत आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम

**सम्माननीय सभाध्यक्ष महोदय,**
**आदरणीय वडा अध्यक्षज्यू र कार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू,**
**राजनीतिक दलका पार्टी प्रतिनिधिज्यूहरू,**
**सम्पूर्ण कर्मचारी मित्रहरू र अन्य उपस्थित महानुभावहरू ।**

१. विश्वभर फैलिएको कोभिड-१९ (कोरोना भाइरस) को महामारीबाट सिर्जित विषम परिस्थितिका कारण हाल विकास प्रयास अवरुद्ध भई आर्थिक तथा मानवीय सङ्कट उत्पन्न हुन पुगेको छ । यस परिस्थितिमा अग्रपङ्तिमा रही अनवरत रूपमा खटिरहनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । प्रसौनी गाउँपालिकाका साथै स्वदेश तथा विदेशमा रहनु भएका दिदी बहिनी तथा दाजुभाइहरूमा परेको असहज परिस्थितिप्रति प्रसौनी गाउँपालिका परिवार दुःख व्यक्त गर्दछ । यस महामारीबाट स्वदेश तथा विदेशमा ज्यान गुमाउनु भएका नेपाली दिदी बहिनी र दाजुभाइहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै उपचाररत सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि जीवन आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस अभियानको नेतृत्व प्रदान गर्नु हुने सम्पूर्ण श्रद्धेय अग्रजहरूप्रति सम्मान व्यक्त गर्दछु । राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र सामाजिक न्याय, समानता र समृद्धिको लागि सङ्घर्ष गर्नु हुने महान् नेपाली तथा मधेशी नागरिक र त्यसको सबल एवम् सक्षम नेतृत्व गर्नु हुने नेपाली तथा मधेशी राजनीतिक शिखर व्यक्तित्वप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

३. सङ्घीय गणतन्त्र नेपालको स्थापना भए पश्चात जनताको जनादेश प्राप्त संविधानसभा मार्फत निर्माण गरिएको संविधानको कार्यान्वयन गर्ने शिलशिलामा विक्रम सम्वत २०७४ सालको स्थानीय तहको निर्वाचन पश्चात तपाईं हामी प्रसौनी गाउँपालिकाबासीको स्थानीय सरकारको प्रतिनिधिको रुपमा सेवा गर्ने सुअवसर प्राप्त भएको हो । हामीले प्रसौनीबासीको जनताका जनअपेक्षा अनुरुप कार्य गर्ने प्रयत्न गरि नै रहेका छौं । विकास भनेकै जनताका अपेक्षाहरूलाई सम्बोधन गर्ने क्रममा सरकारले गर्ने निरन्तर सकारात्मक परिवर्तनका लागि गर्ने प्रयत्नहरूको निरन्तर प्रक्रिया हो । त्यसैले गत गाउँसभामा प्रस्तुत भएका जनताका चाहानाहरू अहिले पनि निरन्तर रहिरहेको अवस्थालाई मध्यनजर गर्न जरुरी छ । चीनको हुवेइ प्रान्तको वुहान सहरबाट देखा परेको कोभिड-१९ (कोरोना) भाइरसको महामारी प्रथम पटक नेपालमा सन् २०२० जनवरी २० अर्थात् २०७६ साल माघ १० गते देखा परी वर्तमान नेपाली मानव सभ्यता र अस्तित्व माथि नै सबैभन्दा ठूलो चुनौतिको रुपमा देखा परेको कारण गत विगतका नीति तथा कार्यक्रममा क्रम भङ्गता समेत देखा परेको अवस्था रहको तर्फ सवैको ध्यानाकर्षण गराउन चाहन्छु ।

४. प्रसौनी गाउँपालिकालाई समृद्ध र सुखी बनाउने दीर्घकालीन उद्धेश्य अनुरुप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा गाउँपालिका अगाडि बढि रहेको छ । प्रतिव्यक्ति आयको वृद्धिले मात्र न्यायोचित विकास सम्भव हुदैन न त सीमित आयको वितरणबाट नै समृद्धिमा पुग्न सकिन्छ । त्यसैले उच्च आर्थिक वृद्धि सँगै त्यसको न्यायपूर्ण वितरणबाट मात्र सर्वाङ्गिण विकास हासिल गर्न सकिने यस सरकारको मान्यता रहेको छ । सबै नागरिकका लागि मर्यादित काम, न्यूनतम  खाद्य सुरक्षा, आधारभूत स्वास्थ्य–शिक्षाको सुविधा, स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता अत्यावश्यक आवश्यकताहरूको परिपूर्ति नै हाम्रो सामुदायिक विकास तर्फको यात्रा प्रस्थान बिन्दु रहेको हो ।

५. कोभिड-१९ ले नेपालको परम्परागत विकासप्रतिको दृष्टिकोणमा केही परिवर्तन ल्याएको छ । यस विपत्तिले हाम्रो समग्र विकास पद्धति, विकास अवधारणा र आर्थिक सामाजिक विकासको अभ्यासमा पुनःविचार गर्नु पर्ने अवस्था सिर्जना गरिदिएको छ । विकासप्रतिको अभीमुखीकरणमा व्यापक रुपान्तरणको आवश्यकता देखिएको छ ।

६. मुलुकको राजनीतिक तथा प्रशासनिक संरचना परिवर्तन पश्चातको यो घडीमा उभिएर संविधानले परिकल्पना गरेको दीगो शान्ति एवं हामी सबैले अपेक्षा गरेको **समृद्ध नेपाल : सुखी नेपाली**को लक्ष्यलाई आत्मसात् गरी प्रसौनी गाउँपालिकाको विकास र समृद्धिको लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरू माझ उभिएको छु ।

७. प्रसौनी गाउँपालिका अहिले आर्थिक विकासको बाटोमा अघि बढिरहेको छ । सङ्घीय शासन प्रणालीले देशभर विकासमा प्रतिस्पर्धा बढेको छ र विभिन्न तहका सरकारहरूबीच प्रतिस्पर्धात्मक विकासको अवधारणा विकसित हुँदै आएको छ ।

८. गाउँपालिकाबासीहरूमा विकास निर्माणको चाहना अधिक रहेको र सोही अनुरुप विकासका गतिविधिहरू समेत सञ्चालनमा रहेको अवस्थामा विश्वव्यापी कोरोना महामारीको कारण हाम्रो गाउँपालिका तथा गाउँपालिकाबासी पनि नराम्ररी प्रभावित भएका छौं । यस्तो अवस्थामा उपलब्ध साधन र स्रोतको समुचित व्यवस्थापन र प्रयोगद्वारा गाउँबासीको चाहाना बमोजिम प्रसौनी गाउँपालिकाको समृद्धि र विकासको लागि अधिकतम प्रगति हासिल गर्ने योजना तथा कार्यक्रमहरूलाई ध्यान दिनु छँदैछ तर त्यो भन्दा एक कदम अगाडि प्रसौनीबासीहरूलाई कोरोना मुक्त वातावरण सिर्जना गरी कोरोनाको कहाली लाग्दो कहरबाट जनतालाई मुक्त गराउनु प्रसौनी गाउँपालिकाको पहिलो कर्तव्य हुन गएको छ । त्यसैले प्रसौनी गाउँपालिका स्थानीय जनताको कोरोना कहरले निम्त्याएको असहज, भय र त्रासदीपूर्ण अवस्थाबाट जनतालाई मुक्त गराउन तल्लीन र प्रतिवद्ध रहेको कुरा जानकारी गराउन चाहन्छु । जनतासँग सबैभन्दा निकट रहेको सरकार भएको कारण हामी जनप्रतिनिधीहरू जनता र हामी बीचको सम्बन्धलाई प्रगाढ बनाइ राख्न हामी हरवखत कटिबद्ध रहेका छौं । बहुजातिय, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त हाम्रो प्रसौनी गाउँपालिकालाई समृद्धिको बाटोतर्फ डोऱ्याउन यहाँ रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वको स्थान तथा वस्तु र यस गाउँपालिकाका विषेशताहरूको संरक्षण गर्दै नयाँ सम्भावानाहरूको खोजी गर्नु पर्ने आवश्यकता रहेको छ । प्रसौनी गाउँबासीले हामीलाई सुम्पिएको जिम्मेवारी, हामीलाई गरेको विश्वास मूलतः सुशासन सहितको विकास र अभियानका लागि निरन्तर लागी पर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

९. स्थानीय तहको निर्वाचन पश्चात गठन भएको जनप्रतिनिधिमूलक यस गरिमामय सभामा म पाँचौं  पटक यस गाउँपालिकाको नीति तथा कार्यक्रम लिएर उपस्थित भएकी छु । विगत वर्षहरूमा हामीले लिएका नीति तथा कार्यक्रमले यस गाउँपालिकाको विकासको गति मापनयोग्य र अनुमानयोग्य तवरबाट अगाडि बढेको मेरो विश्वास रहेको छ । अघिल्ला वर्षमा हामीले लिएका नीति तथा कार्यक्रमहरू शतप्रतिशत पूरा भएका छन् ।

१०. द्रुत गतिमा अघि बढाइएको गाउँपालिकाको विकासलाई पछिल्ला ४ वर्षको वार्षिक नीति तथा कार्यक्रम एवं बजेटले जनतामा आशाको किरण छाएको हाम्रो विश्वास रहेको छ । यस अवधिमा गाउँपालिकाबासीहरू आधारभूत विकासका पूर्वाधारहरूबाट लाभान्वित हुन सकेका छन् । सबै वडाहरू सडक सञ्जालले जोडिएका छन् । खानेपानी, सिंचाइ सुविधा, कृषि तथा पशु सेवा सम्बन्धी सुविधा, शैक्षिक क्रियाकलापहरूको बढोत्तरी, पर्यटन पूर्वाधारको विकास, बजारीकरण जस्ता क्षेत्रमा उल्लेख्य सुधार भएको छ ।

११. नीतिगत स्पष्टता, कार्य जिम्मेवारीको बोध, कर्मचारी संयन्त्रको सुदृढीकरण, जनशक्ति व्यवस्थापन एवं पूर्वाधार क्षेत्रको विकासले हामीमा अधिकारको प्रयोग बढेको छ भने अधिकारले दिएको सेवाको जिम्मेवारी प्रभावकारी रूपमा वहन गर्न टेवा पुगेको छ ।

१२. हामीले तय गरेका विकासका प्राथमिकताहरू पूरा हुँदै गएका छन् । यद्यपि आगामी दिनमा हामीले लिने विकासका नीति एवं कार्यक्रमलाई दिगो र परिणाममुखी बनाउदै लैजानु उत्तिकै चुनौतीपूर्ण रहेको छ ।

१३. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकता नेपाल सरकार तथा प्रदेश सरकारको निति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासका लक्ष्य तथा गाउँसभा सदस्यहरूले दिनुभएको सुझावहरूलाई मार्गदर्शनको रुपमा लिइएको छु । विभिन्न राजनितिक दल, संघ संस्था, विद्वत वर्ग, लक्षित वर्गबाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत ध्यान दिएको छु । सङ्घीय तथा प्रदेश मन्त्रालयहरूवाट प्राप्त परिपत्र, दिग्दर्शन र विभिन्न विषयगत बजेट सिलिङको आधारमा सहभागितामूलक तवरले आयोजना र कार्यक्रम छनौट गरीआ.व. २०७८/०७९ को नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौं । साथै आथिंक वर्ष २०७७/०७८ मा संविधानले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही स्थानीय स्तरमा बाँकी रहेका महत्वपूर्ण ऐन, नियम र कार्यविधि, निर्देशिका तयार गरी सोही बमोजिम कार्य अगाडि बढाउनु पर्ने टड्कारो आवश्यकता छ ।

**सम्माननीयसभाअध्यक्ष महोदय,**

१४. "सबैको ऐक्यबद्धता : स्वच्छ, सुन्दर समृद्ध प्रसौनी हाम्रो प्रतिवद्धता" भन्ने मूल सोचलाई चरितार्थ गर्न जातीय, धार्मिक, भाषिक, सांस्कृतिक तथा भौगोलिक विविधता युक्त सामाजिक एकता भएको प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस गाउँपालिकालाई थप शैक्षिक, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यटनको केन्द्रको रुपमा विकसित र समृद्ध बनाउदै लैजानका लागि आ.व. २०७८/०७९ मा यो नीति तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१५. नेपालको सविधान, स्थानीय सरकार सञ्चालन ऐन, सङ्घीय एवम् प्रदेश सरकारको नीति तथा कार्यक्रम, सङ्घीय एवं प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकारले राष्ट्रिय/अन्तराष्ट्रिय जगत्मा प्रतिवद्धता जनाएका विषयहरू, दिगो विकासको लक्ष्य, एवम् आम प्रसौनी गाउँपालिकाबासी आमा बुबा, दाजुभाइ तथा दिदी बहिनीहरूले व्यक्त गर्नु भएका विकासका चाहना र आकाङ्क्षाहरू नै यस नीति तथा कार्यक्रमका मार्ग निर्देशनहरू हुन् ।

१६. आम प्रसौनी गाउँपालिकाबासीको वास्तविक आवश्यकतालाई सम्बोधन गर्न छिटो छरितो र प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्नु र न्यून स्रोतबाट अधिकतम उपलब्धी हासिल गर्नु यस नीति तथा कार्यक्रमको मूख्य ध्येय रहेको छ ।

१७. कार्यन्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी तपाइँ हामी आम नागरिकमा भ्रम फैलाउनु र नीति तथा कार्यक्रमलाई विकासको मोटो कागजी दस्ताबेज बनाउनु भन्दा कार्यान्वयन योग्य संक्षिप्त योजना र कार्यक्रमको गोजी पात्रो बनाउनु मेरो मूख्य लक्ष्य हो ।

आगामी आ.व. २०७८।०७९ मा देहाय बमोजिमका नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ :-

## आर्थिक विकास

१८. आर्थिक विकास र समृद्धि गाउँपालिकाको मूख्य उद्देश्य रहेकाले गाउँपालिका भित्रका सम्पूर्ण योजना तथा कार्यक्रमलाई सोही दिशामा अघि बढाइनेछ ।

१९. रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट बजेट विनियोजन गरी स्थानीय पूर्वाधार विकाससगैं रोजगारीका माध्यमबाट आय आर्जनमा वृद्धि गराइनेछ । गाउँपालिकाको समग्र विकासको लक्ष्य प्राप्तिको योजना तर्जुमाका लागि आवधिक योजना निर्माण गरिनेछ र सोही बमोजिम आर्थिक एवम् अन्य क्रियाकलाप सञ्चालन गरिनेछ ।

२०. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई यस आर्थिक वर्ष २०७८/०७९ मा समावेश गरी रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

२१.गरिबी निवारणका लागि लघु उद्यम विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## कृषि तथा पशुपंक्षी विकास (पशुपालन तथा ग्रामीण कृषि : प्रसौनी गाउँपालिकाको समृद्धि)

२२. **कृषिमा उन्नति : प्रसौनी गाउँपालिकाबासीको समुन्नति** भन्ने सोचमा आधारित रही प्रसौनी गाउँपालिकाले कृषि क्षेत्रलाई व्यावसायिक, आत्मनिर्भर तथा प्रमुख आय स्रोतको रूपमा विकास गर्ने गरी मुख्य प्राथमिकतामा राख्ने नीति लिइनेछ ।

२३. दिगो कृषि प्रणालीलाई प्रवर्द्धन गर्न ५ वर्षे रणनीतिक पत्र(Periodic Strategy Paper) तयार गरिनेछ ।

२४. हरित खाद्य (Food Green) लाई बढावा दिन घरको निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्दा कम्तिमा पनि दुईवटा फल दिने रुख रोपेको हुनु पर्ने व्यवस्था लागू गरिनेछ ।

२५. कृषि तथा सिंचाई क्षेत्रको समग्र विकासका लागि कृषि सहकारी सञ्जाल निर्माण, अर्गानिक कृषि उत्पादन, बिउ बिजन, किट वितरण तथा सतह सिँचाई, कृषि विद्युतीकरण (नहर, प्लास्टिक पोखरी, स्प्रिङ्कल सिंचाइ, थोपा सिंचाइ) को प्रबर्द्धन गर्नका लागि कृषि तथा सिंचाई कार्यालय लगायत अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी कृषक समूहहरूलाई प्रोत्साहित गरिनेछ ।

२६. कृषकहरूको मागको आधारमा बेमौसमी तरकारी खेती तथा व्यावसायिक खेती प्रणालीलाई अवलम्बन गर्दै लगिनेछ ।

२७. प्रसौनी गाउँपालिकाका पछि परेका कृषकहरूलाई प्राथमिकतामा राखी आवश्यकता अनुसारको कृषि औजार तथा बीउ विजनहरू उपलब्ध गराउने नीति लिइनेछ ।

२८. पशु बीमा र कृषि बीमालाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहजीकरण गरिनेछ ।

२९. कृषि सहकारीहरूलाई उल्लेखनीय कार्यहरू गर्न गराउनका लागि प्रोत्साहन गरिनेछ ।

३०. गाउँपालिकामा उत्पादित दुग्ध पदार्थ, खाद्य पदार्थ, तरकारी फलफूल लगायत नगदे बाली उत्पादनहरूको बजारमा निकासी गर्न पहुँच वृद्धि गर्दै आन्तरिक बजार विस्तारका लागि जोड दिइनेछ । साथै उत्पादित कृषिजन्य वस्तुहरूलाई भण्डारणका लागि तरकारी र दूध चिस्यान केन्द्रको व्यवस्था गरिनेछ ।

३१. दुध, मासु र माछाको उत्पादनमा जोड तगा पशुपालनका लागि घाँसे खेती कार्यक्रम प्रवर्द्धन गरिनेछ । पशुपंछी पालन तथा कृषिलाई व्यवसायीकरण गर्न चाहने युवा किसानहरूलाई ज्ञान, सीप, प्रविधि र लजिस्टिक सपोर्ट प्रदान गरिनेछ ।

३२. कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाध सुरक्षा र खाद्य सम्प्रभुताको आधारका रुपमा विकास गरिनेछ । उच्च मूल्यका कृषि उपजहरूको वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । कृषि उपजहरूको अर्गानिक उत्पादन गर्ने कार्य लाई प्राथमिकता दिइनेछ । कृषकहरूलाई मौज्दात रहेसम्म जैविक मलमा ८५% प्रतिशत अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

३३. उत्पादनमूलक तथा छिटो प्रतिफल दिने कार्यक्रम सञ्चालन गर्न कृषि उपज अन्तर्गत किसानलाई निःशुल्क मेवा तथा केरा खेतीको लागि बीउ, बेर्नातथा प्राविधिक कर्मचारी उपलव्ध गराउने व्यवस्था मिलाएको छु ।

३४. किसानलाई सुलभ तरिकाबाट बीउँ तथा मल उपलव्ध गराउने व्यवस्था मिलाइने छ ।

३५. कृषि मल बीउँको लागि संघ/संस्था/कृषि उपकेन्द्रको IPM कृषक पाठशालाको व्यवस्था मिलाइनेछ ।

३६. “एक वडा एक दिन पशु प्राविधिक” कार्यक्रमलाई तदारुकताका साथ अगाडि बढाउने व्यवस्था मिलाएको छु ।.

३७. कृषि तथा पशु पंक्षी सम्बन्धी प्राविधिक ज्ञान र सीप प्रदान गर्न कृषि सेवा केन्द्रलाई विकसित गरिनेछ ।

३८. कृषकहरूलाई नवीनतम जानकारी प्राप्त गर्नका लागि कृषक तथा पशुपालन कृषकहरूको लागि अन्तर जिल्ला भ्रमणको व्यवस्था मिलाएको छु ।

३९. बंगुर पालनको लागि पशु किसान समूहलाई प्रोत्साहित गर्न अनुदानको व्यवस्था ल्याएकोछु ।

४०. माहुरी पालक कृषक समूहलाई प्रोत्साहित गर्न अनुदानको व्यवस्था मिलाएको छु ।

४१. **चिनौं आफ्नो माटो : बनाऔं आफ्नै गाउँ** भन्ने मूल नाराका साथ खाद्य तथा नगदे बाली प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु ।

४२. विदेश पलायन भएका युवालाई कृषिमा आकर्षित गरी रोजगारीको अवसर सिर्जना गर्दै स्वरोजगार तथा आत्मनिर्भर बनाउन कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

४३. गाउँपालिकाको उपयुक्त स्थानमा पशु स्वास्थ्य चौकी स्थापनाका लागि पहल गरिनेछ ।

४४. सम्बन्धित निकायमा दर्ता भई गाउँपालिकामा सूचीकृत हुने कृषि फर्म, कृषक समूह अन्तर्गत पशु पंछी व्यवसाय सञ्चालन गरी आएका कृषकहरूलाई ५० प्रतिशत अनुदानमा पशु स्वास्थ्यसँग सम्बन्धित औजारहरू लगायत तालिम र लजिस्टिक सपोर्ट उपलव्ध गराउने नीति लिइनेछ र यसलाई उत्पादनसँगै जोड दिइनेछ ।

४५. नेपाल सरकारको नीति अनुरुप वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई कृषि तथा पशुपालन व्यवसायमा आकर्षित गर्न **बारीका पाटा र खेतका गरा : हुन्छन् सबै हराभरा** भन्ने मूल नीतिका साथ सामूहिक कृषि तथा पशुपालन गर्न चाहेमा निश्चित अनुदान दिने नीति लिइनेछ ।

४६. मत्स्यपालक र कुखुरापालक कृषकहरूलाई निश्चित अनुदानमा वर्षको एक पटक वितरण गर्ने माछाका भुरा तथा कुखुराको चल्ला वस्तुगत सहायता प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४७. “आफ्नो लागि आफैं उत्पादन गरौं, तरकारीमा आत्मनिर्भर बनौं” र “एक घर एक करेशाबारी” भन्ने नाराका साथ तरकारीमा आत्मनिर्भर हुन आवश्यक नीति तय गरिनेछ ।

४८. आम प्रसौनी गाउँपालिकाबासीलाई स्वच्छ माछा मासु उपभोग गर्ने वातावरणको सुनिश्चितता प्रदान गर्नका लागि पशु बधशाला र मासु जाँच गर्ने ऐन, २०५५ को कार्यान्वयनमा आवश्यक पहल गर्ने नीति

लिइनेछ । साथै मासु व्यवसायीहरूले गाउँपालिकाले तोकेको स्थानमा मात्रै मासुको कारोवार गर्नको लागि प्रोत्साहन गरिनेछ ।

४९. कृषि उत्पादनको क्षेत्रमा गाउँपालिका आफैँले निश्चित स्थानको छनौट गरी सामुहिक व्यवसाय सञ्चालन गराई रोजगारीको सिर्जना गरिनेछ ।

५०. पशुधन सुरक्षाको लागि नाम्ले जुका, कृणा, जुम्रा, लुतो, जस्ता विभिन्न औषधीको आवश्यकतालाई पूर्ति गर्न पशु शिविर सञ्चालन गरिनेछ ।

५१. पशु नश्ल सुधार गर्नका लागि सबै वडाहरूमा बोयर जातको बीउँ बोका, उन्नत जातको राँगा तथा बङ्गुर वितरण गरिनेछ ।

५२. कृषिरोड संरक्षणका लागि वृक्षारोपणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

५३. अर्गानिक खेती प्रणालीलाई प्रोत्साहित गरी विषाधिको प्रयोगलाई हटाइनेछ । एवम् आगामी आ.व.भित्र गाउँपालिकालाई अर्गानिक गाउँपालिका घोषणा गर्न जोडदार पहल गरिनेछ ।

५४. **एक वडा तह : एक पकेट क्षेत्र** भन्ने नीति लिई फलफूल तथा खाद्य बाली र नगदेबालीलाई विशेष प्रोत्साहन गर्दै उत्पादनमा जोड दिइनेछ । यसका लागि सम्बन्धित विषय विज्ञ झिकाइ सम्भाव्यता अध्ययन गरी पकेट क्षेत्र घोषणा गरिनेछ । कृषियोग्य भूमिको नियमित माटो परीक्षण, कृषकहरूलाई माटोको प्रकार, गुणस्तर र हावापानी अनुकूल खेती गर्न एवम् उचित मात्रामा मल बिउँ प्रबन्ध मिलाउन र विषादिको प्रयोगलाई निरुत्साहित गरी अर्गानिक खेती प्रणालीको प्रोत्साहन गर्न सङ्घीय सरकारद्वारा स्वीकृत दरबन्दी बमोजिम यसै आ.व.को सुरुमै यस गाउँपालिकामा रिक्त रहेका प्राविधिक कर्मचारी करार सेवामा नियुक्त गर्ने नीति लिइनेछ । १ वडा १ कृषि तथा पशु सेवा प्राविधिकको व्यवस्था गरी कृषकहरूलाई सेवा प्रदान गरिनेछ ।

५५. परजिवी नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

५६. तोरी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

५७. लोपउन्मुखहुदै गएको पशु पालनलाई प्रवर्द्धन गरिनेछ ।

५८. कृषि तथा पशु पालन क्षेत्रको विकासको लागि कृषकहरूलाई तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

५९. गाउँपालिका स्तरीय कृषि उपज सङ्कलन केन्द्र स्थापना गरिनेछ । गाउँपालिकाको केन्द्र प्रसौनीमा डेरी सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६०. नर्सरी प्रर्वद्धनका लागि १ वडा १ नर्सरी कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ साथै कृषिजन्य बोटविरुवाको आयत न्यूनिकरण गरिनेछ । स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ ।

६१. सङ्घीय सरकारको नीति बमोजिम भूमिको खोजी र प्रविधिको संयोजनमा कृषिभूमिको सदुपयोग गरी कृषिको व्यवसायिक उत्पादन बढाउन भूमिबैंकको स्थापना गरिनेछ । भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गरी करार, व्यावसायिक, सहकारी र सामूहिक खेती गर्न समुदायको समन्वयमा एकै प्रकारका बाली लगाउने व्यवस्था मिलाइनेछ ।

६२. यस गाउँपालिकामा रहेको साना किसान कृषि सहकारी संस्था लि., प्रसौनी, बारालाई भवन निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

## पर्यटन

६३. पर्यटन क्षेत्रको टेवाका लागि गाउँपालिकामा पर्यटकीय सम्भावनायुक्त क्षेत्रको पर्यटन पूर्वाधार विकास विस्तार र संरक्षणमा जोड दिइनेछ ।

६४. गाउँपालिका क्षेत्रभित्र धार्मिक, सास्कृतिक, ऐतिहासिक सम्पदाको नियमित संरक्षण र प्रर्वद्धन गरिनेछ ।

६५. **एक वडा एक नमूना पर्यटकीय गन्तव्य** निर्माणमा जोड दिइनेछ ।

६६. गाउँपालिकाको चिनारी/पहिचान प्रर्वद्धन गर्ने संघ संस्था, व्यक्ति वा कार्यक्रम आयोजकलाई प्रोत्साहन गरिनेछ ।

६७. **पर्यापर्यटनको प्रवर्द्धन : प्रसौनी गाउँपालिकाको संस्कृति सम्वर्द्धन** भन्ने मूल नाराका साथ सबै जातजाति कला भाषा, धर्म सस्कृति एवम् समुदायको रीतिथिति, रहनसहनलाई सम्मान गर्दै प्रोत्साहन गरिनेछ । साहित्य तथा कला क्षेत्रको विकासका लागि प्रर्वद्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

६८. आदि कालदेखि बसोबास गर्दै आएका आदिबासी जनजाति लगायत विशेष जातजाति, समुदाय र सम्प्रदायको विशेष संस्कृति, चाडपर्व, रीतिरिवाज र परम्परालाई संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।

६९. खैराती माई, गण्डक पोखरी, रामजानकी मन्दिर र नजिकैको पोखरी, प्रसौनी घण्टाघरको छेउमै रहेको खाली सार्वजनिक जग्गा लगायतका पर्यटकीय स्थललाई पर्यटनमैत्री बनाउन पूर्वाधारको विकास गरिनेछ ।

७०. प्रसौनी गाउँपालिका २ नं. वडा स्थित खानेपानी ट्याङ्कीमा स्विमिङ पुल निर्माण गरिनेछ ।

७१. आन्तरिक र बाह्य पर्यटकलाई सुविधा दिन उचित स्थानमा होटल, रेस्टुरा, पार्क, स्विमिङ पुल निर्माण गरी सञ्चालन गर्न सङ्घीय सरकार, प्रदेश सरकारसँग स्थानीय सरकारले सहकार्य गर्नेछ र निजी क्षेत्र तथा सर्वसाधारण नागरिक समेतलाई सो कार्यका लागि प्रोत्साहन गरिनेछ ।

७२. यस गाउँपालिकाको छिमेकी गाउँपालिका तथा नगरपालिकामा रहेका पर्यटकीय स्थल, धार्मिक स्थलसम्म आवतजावतका लागि सहज सडक सञ्जाल निर्माणका लागि निरन्तरता दिइनेछ ।

## उद्योग तथा वाणिज्य

७३. अध्यक्ष स्वरोजगार योजना अन्तर्गत बेरोजगार युवा, महिलाहरुलाई व्यवसाय गर्न चाहेमा वा घरेलु साना उद्योग व्यवसाय गर्न चाहेमा न्यून व्याजदरमा सहकारी मार्फत ऋण उपलव्ध गराइने व्यवस्था मिलाएको छु ।

७४. यस गाउँपालिका भित्र स्थापना भई सञ्चालनमा रहेका सम्पूर्ण उद्योग व्यवसायलाई जनस्वास्थ्य र वातावरण अनुकूलनमा सञ्चालन हुने गरी दर्ता गराई नियमन गरिने व्यस्वथा मिलाएको छु ।

७५. यस प्रसौनी गाउँपालिका अन्तर्गत उद्योग स्थापना गर्ने जो कोही उद्योगपतिलाई यथाशक्य आवश्यक सहयोग, समन्वय र सहकार्य तथा सहजीकरण गरी प्रसौनी गाउँपालिकालाई औद्योगिक ग्रामको रुपमा स्थापित गर्न पहल गरिनेछ ।

७६. यस गाउँपालिकामा सञ्चालित उद्योगहरुले निर्वाह गर्नु पर्ने संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility-CSR) अन्तर्गतउद्योगको आफ्नो कूल मुनाफाको १ प्रतिशत रकमयस गाउँपालिकाबासीको हितमा उपयोग गर्नै पर्ने व्यवस्थालाई अनिवार्य रुपमा लागू गरिनेछ ।

७७. **एक घर : एक उद्यमी** नीति अवलम्बन गरी लघु उद्यम विकास मोडलमा नयाँ उद्यमीहरू निर्माण गर्ने नीति लिइनेछ ।

७८. गाउँपालिकाभित्र सञ्चालन हुने विभिन्न उद्योगमा आम नागरिकको शेयर लगानी गर्ने र त्यसको लागि गाउँपालिकाभित्र रहेका अति विपन्न गरिब परिवारका लागि निश्चित प्रतिशत शेयर गाउँपालिकाले लगानी गर्ने नीति अवलम्बन गर्नेछ ।

७९. खनिजजन्य उद्योग सम्भाव्यताको खोज अनुसन्धानको लागि नेपाल सरकार र प्रदेश सरकारलाई अनुरोध गरिनेछ ।

७९. उद्यमीको स्तरोन्नति गर्नका लागि उनीहरूको आवश्यकता पहिचानको आधारमा पुनःताजगी एडभान्स सीप विकास तालिम सञ्चालन गरिनेछ ।

## सहकारी नीति

८०. शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारीसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा देहायका नीतिहरू अवलम्बन गरिनेछ :-

८१. सहकारी क्षेत्रको विकास, विस्तार र प्रबर्द्धनका लागि दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८२. सहकारी उद्योग व्यवसायको विकास, विस्तार र प्रवर्द्धनमा स्थानीय सरकार तथा विकास साझेदारहरूको सहभागितालाई प्रोत्साहित गरिनेछ।

८३. सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन पालिका भित्रका सम्बन्धित सरकारी निकाय तथा सहकारी संघ संस्थाहरूलाई प्रभावकारी ढङ्गले परिचालन गरिनेछ ।

८४. आम नागरिकहरूलाई सहकारी सम्बन्धी जनचेतना अभिवृद्धिका लागि स्थानीय निकाय, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, शैक्षिक क्षेत्र, सञ्चार जगतका साथै सम्बद्ध सामाजिक संघ संस्थाहरू परिचालन गरिनेछ ।

८५. कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई श्रमिकहरूको स्वामित्व रहने सहकारी उद्योग व्यवसाय मार्फत रोजगारीको सिर्जना गर्न नीतिगत व्यवस्थाका साथै उपयुक्त कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८६. सहकारी उद्योग व्यवसायलाई स्वच्छ र वातावरणमैत्री बनाउन आवश्यक प्रविधिको उपयोगमा जोड दिइनेछ ।

८७. कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरूको संलग्नतालाई प्रोत्साहन गरिनेछ ।

८८. सार्वजनिक क्षेत्रका कलकारखाना, कृषि फर्म तथा बजार केन्द्रहरूको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

८९. कृषि, शिक्षा, स्वास्थ्य, उर्जा, बीमा, पर्यटन, सञ्चार जस्ता उत्पादन तथा सेवाका उद्योग व्यवसायमा सहकारी संघ संस्थाको लगानी र व्यवस्थापनलाई उत्प्रेरित गरिनेछ ।

९०. सहकारी क्षेत्रमा अनुसन्धान तथा विकासको कार्यलाई प्रोत्साहित गर्दै यस क्षेत्रमा नवीन प्रयोग तथा सम्भावनाका नयाँ क्षेत्रहरूको पहिचान गरिनेछ ।

९१. स्थानीय पूँजी, श्रम, सीप र साधनको परिचालन गरी ग्रामीण अर्थतन्त्रको विकास गर्न सहकारीमा आधारित कृषिसँग सम्बन्धित उद्योग व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

९२. गरिबी निवारण कोष मार्फत सञ्चालित समूहहरूलाई वडास्तरमा सहकारी मार्फत एकीकृत गरी परिचालन गरिनेछ ।

## वित्तीय क्षेत्र

९३. कोभिडको असर न्यूनीकरणका लागि वित्तीय सेवा प्रभावलाई व्यवस्थित रूपमा नियमन, सञ्चालन तथा वित्तीय क्षेत्रको स्रोत परिचालन गरिनेछ ।

९४. भुक्तानी प्रणालीलाई सुरक्षित आधुनिक र विद्युतीय प्रविधिमा आधारित बनाइनेछ ।

९५. बैंक तथा वित्तीय संस्थालाई बाह्य पूँजी परिचालन गर्न प्रोत्साहित गरिनेछ ।

९६. आम नागरिकमा पहुँच पुग्ने गरी बीमाको दायरा विस्तार गरिनेछ ।

९७. लगानी तथा व्यापारलाई व्यवस्थित गर्न आवश्यक कानुन तर्जुमा गरिनेछ ।

९८. विभिन्न समूह मार्फत बचत तथा ऋणको कारोबार गर्ने स-साना समूहहरूलाई सहकारी संस्थामा दर्ता गर्न प्रोत्साहित गरिनेछ ।

९९. बैंक तथा वित्तीय संस्थाहरूको स्थापना गर्न आवश्यक सहजीकरण गरिनेछ ।

१००. बचत गर्ने प्रणालीलाई व्यवस्थित गर्न नयाँ बैंक खाता सञ्चालनका लागि आम नागरिकहरूलाई प्रोत्साहित गरिनेछ ।

# सामाजिक विकास

## शिक्षा

"समृद्ध प्रसौनीको टेवा : घर-घरमा शिक्षा, स्वास्थ्य र स्वरोजगार सेवा"

१०१. यस प्रसौनी गाउँपालिकामा शिक्षा क्षेत्रमा समग्र विकासका लागि एकीकृत शिक्षा योजना तथा शिक्षा प्रोफाइल निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०२. यसै आर्थिक वर्षमा बेंगा साह मा.वि.लाई नमूना माध्यमिक विद्यालयका रुपमा स्थापित गर्न आवश्यक बजेटको व्यवस्था गरी सङ्घीय नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय समक्ष आवश्यक पहल कदमी र समन्वय गरिनेछ ।

१०३. सबै बालबालिकाहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालयमा भर्ना अभियानलाई अघि बढाइ यस वर्ष भित्र नै विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गराई माध्यमिक तह सम्मको शिक्षालाई क्रमश नि.शुल्क र अनिवार्य गरिनेछ । प्रदेश र केन्द्र सरकारको सहकार्यमा यसै वर्षभित्र साक्षर गाउँपालिका घोषणा गरिनेछ ।

१०४. सम्पुर्ण बालबालिकालाई विद्यालय ल्याऔं, टिकाऔं र सिकाऔं अभियान सञ्चालन गरिनेछ । मानव विकास सूचकाङ्कमा पछि परेका स्थानीय तहमा रहेका सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सबै विद्यार्थीलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवा खाजा नेपाल सरकारबाट उपलब्ध हुने बजेटलाई गुणस्तरिय रुपमा कार्यान्वयन गर्न तथा यसलाई प्रवर्द्धन गर्न गाउँपालिकाद्वारा विषेश निगरानी गरिनेछ ।

१०५. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न सामुदायिक विद्यालयमा प्राविधिक कक्षा सञ्चालन गर्न प्रदेश तथा केन्द्र सरकार समक्ष पहल गरिनेछ र कम्प्युटर शिक्षालाई अनिवार्य गरी यस आ.व.मा पनि

सामुदायिक विद्यालयमा कम्प्युटर, ल्यापटप तथा प्रोजेक्टर हस्तान्तरण गर्न आवश्यक रकम विनियोजन गरेको छु । यस गाउँपालिकामा CTEVT बाट सञ्चालन हुने प्राविधिक शिक्षा व्यवस्थित गर्न हरेक किसिमको कदम चालिनेछ ।

१०६. यस गाउँपालिका अन्तर्गतका विद्यालयलाई अपाङ्गता तथा बालमैत्री बनाइनेछ । अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा पहुँच अभिवृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासका लागि विभिन्न खेलकुद सामग्रीहरू वितरण गरिनेछ ।

१०७.कक्षा १०काविद्यार्थीका लागि अतिरीक्त कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । सामुदायिक विद्यालयबाट एस.इ.इ. परीक्षामा उत्कृष्ट अङ्क हासिल गर्ने छात्र/छात्राहरूलाई छात्रवृत्ति प्रदान गरिनेछ । यसका लागि प्रसौनी गाउँपालिका छात्रवृति कोषबाट ५ जना छात्र र ५ जना छात्राहरूलाई प्रोत्साहन स्वरुप रकम उपलव्ध गराई उच्च शिक्षाका लागि जोड दिइनेछ ।

१०८. गाउँपालिकाअन्तर्गतका सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण गरी गाउँपालिका अन्गर्ततकै सामुदायिक विद्यालयमा +2 अध्ययन गर्न चाहने छात्राहलाई निःशुल्क अध्ययनका लागि आवश्यक कोटाको व्यवस्था गरिनेछ।

१०९. आर्थिक रुपमा विपन्न सीमान्तकृत तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि सस्तो व्याज दरमा शैक्षिक ऋण उपलब्ध हुने व्यवस्थाका लागि केन्द्र र प्रदेश सरकार तथा वित्तीय संस्था समक्ष पहल गरिनेछ ।

११०. प्रसौनी गाउँपालिकाका सामुदायिक विद्यालयहरूलाई क्रमशः अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न पहल गरिनेछ ।

१११. सामुदायिक विद्यालयको पठन पाठन गुणस्तरीय बनाउन निरन्तर अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

११२. सामुदायिक विद्यालयलाई प्राविधिक मैत्री शिक्षण सिकाई कार्यलाई अगाडि बढाउन “एक शिक्षक एक ल्यापटप” कार्यक्रमलाई सहयोगी संस्थाहरूको सहयोगमा अगाडि बढाइनेछ ।

११३. शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

११४.सामुदायिक विद्यालयहरूमा स्काउटको माध्यमबाट विद्यार्थीहरूलाई अनुशासन कायम गर्ने व्यवस्था मिलाइनेछ । यसका लागि नेपाल स्काउटसँग समन्वय र सहकार्य गरी एक विद्यालय एक शिक्षकलाई स्काउट सम्बन्धी तालिमको व्यवस्था मिलायनेछ । सो हुन नसकेमा स्काउट शिक्षकको दरबन्दी समेत कायम गरिनेछ ।

११५. यस गाउँपालिका भित्रका युवाहरूलाई सरकारी सेवा प्रति आकर्षण पैदा गर्न व्यवस्थित तथा प्रभावकारी रुपमा लोक सेवा आयोगको कक्षा सञ्चालनलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

११६. अध्यक्ष उपाध्यक्ष बालिका सगुन योजना कार्यक्रमबाट यस गाउँपालिका भित्रका चेलीबेटीको हकमा स्नातक उत्तीर्ण गरे पश्चात विहे गरेमा सगुनको रुपमा ५१,०००।- (अक्षरुपी एकाउन्न हजार मात्र) नगद उत्प्रेरण सहायता प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

११७. शिक्षा सम्बन्धी कुनैपनि किसिमको सहयोग वा प्रोत्साहन सम्बन्धी सुविधा यस गाउँपालिकाअन्तर्गतका विद्यालयमा अध्ययनगर्ने तथा यस गाउँपालिकामा स्थायी बसोबास गरेको नागरीकको छोरा छोरीलाई मात्र उपलब्ध गराइनेछ ।

११८. हरेक सामुदायिक विद्यालयमा वार्षिक अभिभावक भेला गरीआय–व्यय सार्वजनिक गर्ने तथा हरेक विद्यालयको उत्कृष्ट शिक्षक एवम् विद्यार्थीलाई प्रोत्साहित गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

११९. यस गाउँपालिकाका विद्यालयहरूलाई दैनिक कार्य सञ्चालन, न्यूनतम शैक्षिक सामग्रीको प्रयोग अभिवृद्धि गर्दै शिक्षण सिकाइ सुनिश्चित गर्न तथा कोरोना भाइरसको कारणले बालबालिकाको पढाइ अवरुद्ध हुन गइलकडाउनको कारण उत्पन्न विषम परिस्थितिलाई छिचोल्दै सिकाइ वातावरण तयार गर्न आवश्यक बजेट विनियोजन गरी विद्यालयलाई एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ ।

१२०. वर्तमान कोभिड–१९ को संक्रमणको अवस्थालाई मध्यनजर गर्दै यस गाउँपालिकामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा सूचना प्रविधिको प्रयोग गर्दै भर्चुअल माध्यमबाट कक्षा सञ्चालनको व्यवस्था गरिनेछ ।

१२१. गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा कार्यरत निजी स्रोत शिक्षकलाई व्स्थापन गर्न गाउँपालिकाले आवश्यकताको आधारमा निजी शिक्षकको नियुक्ति तथा सुविधा निर्धारण गरी गाउँपालिकामा एकरुपता कायम गर्न सबै निजी शिक्षकको डाटा सङ्कलन गरी गाउँपालिकाबाट नियुक्ति तथा तलब सुविधा प्रदान गर्ने कार्यको लागि थालनी यसै आर्थिक वर्षमा गरिनुको साथै निजी शिक्षकलाई विद्यालय, विद्यार्थी र गाउँपालिका प्रति उत्तरदायी बनाइनेछ ।

१२२. गाउँपालिकामा सञ्चालनमा रहेको एक मात्र प्राविधिक विद्यालयको प्रविधिक धारलाई सवलीकरण गर्न र विद्यार्थीहरूलाई प्राविधिक शिक्षा प्रति आकर्षित गर्न बजेट विनियोजन गरिनेछ ।

१२३. गाउँपालिकाको कुनै १ विद्यालय छनौट गरी आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण यसै आ.व.मा गर्ने तथा अति विपन्न गरिब र जेहेन्दार विद्यार्थीहरूलाई खाने बस्ने सुविधा समेत अध्ययनको अवसर सुनिश्चित गर्न सकिनेछ ।

१२४. गाउँपालिकाका प्रत्येक विद्यालयलाई विद्यार्थीको बहुआयामिक विकासको लागि खेलकुद सामग्रीउपलब्ध गराउनुका साथै अतिरिक्त क्रियाकलापको योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१२५. बाल विकास र विद्यालय कर्मचारीको तलब सुविधा अति नै न्यून रहेकोले थप बजेट विनियोजन गरिनेछ ।

१२६. विद्यालयका प्रधानाध्यापकहरूलाई अधिकार सम्पन्न बनाई शिक्षण सिकाई सम्झौता गरी सो अनुरुप उपलब्धिको सुनिश्चितता गर्न मूल्याङ्कन प्रणाली विकसित गर्ने तथा प्रधानाध्यापकहरूलाई अतिरिक्त सुविधा प्रदान गर्दै विद्यालयको वातावरण विगार्ने प्रयास गर्ने शिक्षक कर्मचारीलाई प्रधानाध्यापकको सिफारिस तथा गाउँपालिकाको मूल्याङ्कनको आधारमा सरुवा, घटुवा, ग्रेड रोक्का जस्ता दण्ड विधिअपनाउन आवश्यक व्यवस्था गरिनेछ । प्रधानाध्यापकलाई पूर्ण रुपमा गाउँपालिका प्रति जवाफदेही र उत्तरदायी बनाइनेछ ।

१२७. गाउँपालिकाका शिक्षक कर्मचारीको दरबन्दी मिलान यथाशीघ्र गरिनेछ ।

१२८. गाउँपालिका भित्रका विद्यालयमा कम्प्युटर सञ्चालनमा रहेको विद्यालयमा कम्प्युटर कक्षाको निरन्तर रुपमा सञ्चालनको सुनिश्चितता गर्न मर्मत सम्भारको व्यवस्था गरिनेछ ।

१२९. गाउँपालिका भित्रका विद्यालयहरूमा सि.सि.टि.भि. क्यामरा जडान गर्ने तथा पंखा जडान गर्ने व्यवस्था मिलाइनेछ ।

१३०. यस गाउँपालिका अन्तर्गतका विद्यालयहरूमध्ये कुनै एक विद्यालय छनौट गरी प्रविधियुक्त स्मार्ट क्लास निर्माण गरिनेछ ।

१३१.गाउँपालिकास्तरीय छात्र र छात्राहरूको लागि छुट्टा छुट्टै खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।

१३२. शिशुकक्षाका विद्यार्थीहरूलाई खेल तथा शिक्षण सामाग्री व्यवस्था गरिनेछ ।

१३३. गाउँपालिका भित्रका प्रधानाध्यापक र शिक्षकहरूलाई उत्कृष्ट नतिजा ल्याइरहेका विद्यालयहरूमा एक्सचेन्ज भिजिट आयोजनाको व्यवस्था मिलाइनेछ ।

१३४. विद्यार्थीहरूको शैक्षिक भ्रमणलाई निरन्तरता दिँदै प्रा.वि. तहको विद्यार्थीहरूलाई पनि समावेश गरिनेछ ।

१३५. यस गाउँपालिकामा सञ्चालित कक्षा ११ र १२ का विद्यालयहरूलाई आर्थिक र भौतिक सहयोग गरिनेछ ।

१३६. गाउँपालिका भित्र सञ्चालित विद्यालयहरूले अपेक्षित नतिजा दिन नसकेमा वा गाउँपालिकाको निर्देशानुसारको कार्य तोकिएको समयमा नगरेमा गाउँपालिकाले आवश्यक नियम बनाई कारवाही गर्न सक्नेछ ।

१३७. छात्र छात्राहरूको क्षमता विकासका लागि सर्वजनिक स्थलमा पुस्तकालय निर्माणको व्यवस्थामिलाइएको छ र सोको स्तरवृद्धि गर्दै लगिनेछ ।

१३८. SEE उत्कृष्ट विद्यार्थीलाई यस गाउँपालिकाबाट दिइने पुरस्कार यस गाउँपालिकाको सामुदायिक विद्यालयमा कक्षा ६ देखि अध्ययन गरेको विद्यार्थीलाई मात्र उपलव्ध गराइनेछ ।

१३९. "प्राकृतिक रुपमा सिर्जित सङ्क्रमणबाट बचौं बचाऔं, सुरक्षित वातावरणमा सिकौं सिकाऔं" भन्ने नाराका साथ विद्यालयहरूमा सामाजिक दूरी अपनाई सिकाइलाई निरन्तरता दिइनेछ साथै वैकल्पिक माध्यमबाट पनि विद्यालय सिकाइलाई सहजीकरण गरिनेछ ।

१४०. शिक्षासम्बन्धी स्थानीय वार्षिक शैक्षिक योजना तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१४१. विद्यालयमा सुशासन : नागरिक सबैमा अनुशासन नाराका साथ अनुगमन तथा सुपरीवेक्षणका माध्यमबाट शैक्षिक क्षेत्रलाई व्यवस्थित गरिनेछ ।

१४२. बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७ अनुसार एकै किसिमको रङरोगन तथा बिग्रेका संरचनाको पुनःनिर्माण गरी भौतिक संरचनाको सुदृढीकरण गरिनेछ ।

१४२. गाउँपालिकाको शैक्षिक गतिविधि बारे जाकारी  दिन शैक्षिक क्यालेन्डर, बुलेटिन, स्मारिका जस्ता सामग्री प्रकाशन तथा वितरण गरिनेछ ।

१४३. गाउँपालिका भित्रका उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

१४४. विद्यार्थीको प्रतिभा प्रष्फुटन गराउन विभिन्न किसिमका प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१४५. गाउँपालिकाका विद्यालयहरुमा सञ्चालन हुने विभिन्न परीक्षाहरूलाई व्यवस्थित गरिनेछ ।

१४६. जीवनमा शिक्षाको औपचारिक सुरुवातको रुपमा रहने बाल विकास शिक्षालाई रोचक, ज्ञानवर्द्धक र व्यवस्थित बनाइनेछ ।

१४७. बाल सहयोगी कार्यकर्तालाई तालिमको व्यवस्था गरिनेछ ।

१४८. सिकाई उपलब्धी कम प्रतिशत भएका विषयगत शिक्षकहरूलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयको तालिम सञ्चालन गरिनेछ । शैक्षिक संस्थाहरूलाई गुणस्तरीय बनाउन अध्ययन अवलोकन भ्रमण गराई त्यहाँको असल अभ्यास अनुशरण गराइनेछ ।

१४९. गरिव, विपन्न, द्वन्द्व पीडित तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको व्यवस्था तथा छात्रवृत्तिको लागि निश्चित कोष स्थापना गरी सञ्चालन गरिनेछ ।

१५०. विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरूमा नजिकको विद्यालयमा गाभ्ने र दरबन्दी मिलान गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

१५१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरको सुधार गर्न विद्यालयका प्रधानाध्यापक र विषय शिक्षकहरूसँग कार्य सम्पादन करार गरी कार्यसम्पादनलाई प्रभावकारी बनाइनेछ ।

१५२. सामुदायिक सिकाई केन्द्रलाई सूचना प्रविधि पूर्वाधार सहितको शैक्षिक सूचना केन्द्रको रुपमा विकास गर्ने कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

१५३. सम्भाव्यताका आधारमा आवश्यक नियम कानुन तथा कार्यविधि तर्जुमा गरी भाषा नीति तथा मातृभाषा शिक्षा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१५४. दलित तथा अति विपन्न परिवारका छोरी वा बुहारीले स्नातक शिक्षा हासिल गर्ने सुनिश्चित भएमा प्रति वर्ष रु.२५,०००।- (अक्षरुपी पच्चीस हजार मात्र) शैक्षिक वृत्ति आर्थिक सहायता प्रदान गरिनेछ ।

१५५. शिक्षा क्षेत्र व्यवस्थापनका लागि आवश्यकता अनुसारको दरबन्दी मिलान गरी हरेक तहमा गाउँपालिकाका तर्फबाट दरबन्दी कायम गरी शिक्षक नियुक्ति गरिनेछ ।

१५६. बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको थप तलब सुविधाको लागि सङ्घीय सरकारसँग माग गर्ने र बजेट पनि विनियोजन हुने व्यवस्था अवलम्बन गरिनेछ ।

**युवा तथा खेलकुद**

१५७. प्रत्येक वर्ष गाउँपालिकास्तरीय विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरि खेलकुद क्षेत्रको विकासका लागि गाउँपालिकास्तरीय मुल खेलकुद विकास समिति र वडा स्तरीय उपसमितिहरू गठन गरि कार्यक्रम कार्यान्वयन गरिनेछ । एक वडा एक खेलमैदान कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१५८. समृद्ध राष्ट्र निर्माणमा युवाको भूमिकालाई मध्यनजर गर्दै युवा बेरोजगारलाई न्यूनीकरण गर्न युवा स्वोरोजगार सम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१५९. गाउँपालिकाभित्र लुप्त बालबिबाह, घरेलु हिंसा, छुवाछुत, वर्गीय विभेद जस्ता कुसंस्कार तथा कुरीतिको न्यूनिकरण गर्न विविध किसिमका जनचेतना जगाउने कार्यक्रममा युवाहरूलाई परिचालन गरिनेछ ।

१६०. बालबालिका तथा युवाहरुको शारिरीक तथा मानसिक विकासका लागि खेलकुदहरुमा जोड दिइनेछ । केन्द्र, प्रदेश सरकारको सहकार्यमा सम्भाव्यताको आधारमा रङ्गशाला, खेलमैदान, युवा क्लब तथा विचरण पार्क क्रमिक रुपमा स्थापना गर्न आवश्यक बजेट माँग गर्न प्रस्ताव गरेको छु । विद्यालय स्तरीय उपमेयर महिला भलि बल र ब्याटमिन्टन प्रतियोगिताको आयोजना गरिनेछ ।

१६१. युवा उद्यमीहरूलाई हौसला प्रदान गर्न सम्मान एवम् पुरस्कृत गरिनेछ ।

१६२. मेयर क्रिकेट प्रतियोगिता तथा अध्यक्ष फुटबल गोल्ड कप प्रतियोगितालाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

१६३. खेलाडीहरुको प्रशिक्षणका लागि प्रशिक्षकको दरबन्दी कायम गरिनेछ ।

१६४. यस गाउँपालिकाको उपयुक्त स्थानमा आधुनिक जिम हल निर्माण गरिनेछ ।

## स्वास्थ्य

१६५. कोभिड-१९ को सङ्क्रमणलाई यथाशीघ्र रोकथाम तथा नियन्त्रण गर्न मापदण्ड अनुसार परीक्षणको दायरा वृद्धि, थप पि.सि.आर. ल्याव सञ्चालन, केस इन्भेस्टिगेसन, कन्ट्रयाक्ट ट्रेसिङ र परीक्षण कार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१६६. सवै वडाहरुमा स्वास्थ्य सेवा सञ्चालन अनिवार्य गरिनेछ । ध्यान र योगको माध्यमबाट स्वस्थ शरीर, सकारात्मक सोच र व्यक्तित्व विकास गर्न नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरिनेछ । वर्थिङ्ग सेन्टरमा MBBS/MDडाक्टरको व्यवस्था मिलाईनेछ ।

१६७. स्वास्थ्य सेवा लाई सर्वसुलभ, भरपर्दो र गुणस्तरिय तुल्याइने छ । आधारभुत स्वास्थ्यमा सवै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमाको कार्यक्रम सञ्चालन गर्न केन्द्र सरकार, प्रदेश सरकार समक्ष पहल गरिनेछ । आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भ अवस्था देखि नै प्रसुति सुरक्षा सेवा पुऱ्याईनेछ । यस अन्तर्गत गर्भवती जाँच सेवा लिने गर्भवति आमालाई स्वास्थ्य संस्था बाट दिने सुविधाको अतिरिक्त गाउँकार्यपालिका बाट आयो नुनको व्यवस्था गरेको छु । वर्थिगं सेन्टरमा सुत्केरी भएकी आमालाई पोषण युक्त खानाका लागि  छोरा जन्माए एकपटक का लागि रु १,०००।- र छोरी जन्माए २,०००।– पोषण भत्ता उपलब्ध गराइने व्यवस्था मिलाएको छु ।

१६८.  प्रसौनी स्वास्थ्य चौकीमा संचालित वर्थिगं सेन्टर अझ प्रभावकारी बनाउन २ जना अ.न.मी.लाई व्यवस्था मिलाएको छु ।

१६९. प्रस्टोका स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालन गर्न २ जना अ.न.मि. र १ जना का.स.को दरबन्दी कायम गरी सञ्चालन गरिनेछ ।

१७०. महामारी रोग नियन्त्रण र निवारण कार्यलाई प्रभावकारी बनाउन सवै नागरिकहरुको स्वास्थ्य परिक्षण गराउन विषेशज्ञ सहितको टोली परिचालन गर्न व्यवस्था मिलाएको छु ।

१७१. प्रसौनी गाउँपालिका द्वारा संचालित प्रयोगशाला सेवाका लागि ल्याव असिस्टेन्टलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

१७२. यस गाउँपालिकाभित्र लागू औषध, जुवा, तास, रक्शी बन्देज गर्न पहल गरिने छ । साथै कसैले सेवन गरे गराएको पाईएमा दण्ड/जरिवाना लाग्ने छ । सो दण्ड/जरिवानाबाट उठेको रकम ईलाका प्रहरी कार्यालयको कोषमा र गाउँपालिकाको कोषमा जम्मा गरिनेछ ।

१७३. सवै सार्वजनिक स्थलहरुमा  धुम्रपान र मदिरा सेवन निषेध गरिनेछ । मदिरा र सुर्तिजन्य पदार्थको आयात तथा विक्री वितरण लाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

१७४. विद्यालयका छात्राहरु महिनावारीको समयमा विद्यालय आउन नसक्ने हुँदा छात्राहरुलाई सेनेटरी प्याड उपलव्ध गराउन प्याड वितरण मेशिनको व्यवस्था मिलाएको छु ।

१७५. यस गाउँपालिकाको स्वास्थ्य संस्थाको वर्थिगं सेन्टर मा जन्मीएको छोरा वा छोरीहरुलाई प्रदान गरिने सुविधा यस गाउँपालिकामा स्थायी बसोबास गर्ने बुहारीबाट जन्मिने छोरा छोरीलाई मात्र प्रदान गरिनेछ ।

१७६. विश्व भरीनै कोभिड– १९ को सामना गरी रहेको अवस्थामा यस गाउँपालिकाले कोरोना मुक्त बनाउन विभिन्न औषधीजन्य, क्वारेन्टाईन, सचेतना कार्यक्रम तथा राहत कार्यक्रमको व्यवस्था गरिने छ ।

१७७. सरकारी तथा अन्य सामुदायिक अस्पतालसँग सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१७८. यस गाउँपालिकाभित्र कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकाहरूको क्षमता विकासका लागि उचित प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

१७९. नेपाल सरकारको नीति अनुसार नै गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरूको भौतिक सुधार गरी स्वास्थ्य सुविधालाई सहज र पहुँचयोग्य बनाइनेछ ।

१८०. ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरूको स्वास्थ्य जाँचको लागि निःशुल्क स्वास्थ्य परीक्षण शिविर लगायत ज्येष्ठ नागरिक सम्मान र परिचयपत्र वितरणको व्यवस्था मिलाइनेछ ।

१८१. यस गाउँपालिकाभित्र दीर्घरोग, नसर्ने रोग, महिलाहरूको पाठेघरको मुखको क्यान्सर रोग न्यूनीकरण गर्नका लागि शिविर सञ्चालन गरिनेछ ।

१८२. स्वास्थ्य तथा व्यक्तिगत सरसफाइ कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत छात्राहरूको तथ्याङ्क सङ्कलन गरी निःशुल्क स्यानिटरी प्याड वितरणका लागि आवश्यक उपकरणको व्यवस्था गरिनेछ ।

१८३. महामारी रोग नियन्त्रणका लागि र्‍यापिड रेस्पोन्स टिम (RRT) गठन गरी आवश्यकता अनुसार कार्यसञ्चालन गरिनेछ ।

१८४. यस गाउँपालिकाको बर्थिङ सेन्टरमा सुत्केरी भएका महिलाहरूलाई कार्यविधि तर्जुमा गरी सो बमोजिम उचित सुत्केरी भत्ताको व्यवस्था मिलाइनेछ ।

१८५. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी तथा अध्ययन अवलोकनको व्यवस्था गरिनेछ ।

१८६. आपतकालीन अवस्थामा बिरामी बोक्नका लागि व्यवस्था गरिएको एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

१८७. मनोसामाजिक परामर्शदाताको व्यवस्था तथा सोसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१८८. नेपाल सरकारबाट सशर्त सहित आएका कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१८९. कोभिड १९ नियन्त्रण रोकथाममा खटिने स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई आवश्यक सुरक्षा सामाग्री प्रदान गरी सङ्घीय सरकार तथा स्थानीय सरकारको सहकार्यमा जोखिम भत्ताको व्यवस्था गरिनेछ ।

१९०. स्वास्थ्य सम्बन्धी स्थानीय ऐन, नियमावली तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१९१. सबै स्वास्थ्य संस्थामा आवश्यक औषधि, सामग्री, औजार उपकरण तथा खोप खरिद तथा वितरण गरिनेछ ।

१९२. स्वास्थ्य संस्थामा रिक्त रहेका दरबन्दी पूर्तिका लागि करार सेवाबाट पदपूर्ति गरिनेछ ।

१९३. सरकारी तथा गैर सरकारी संघ संस्था तथा सेवापरामर्श दाताहरुको सहकार्यमा स्वास्थ्य संस्थाको स्तरोन्नति गर्ने नीति समेत लिएको छु ।

१९४. सबै स्वास्थ्य संस्थामा इन्टरनेट प्रविधिको व्यवस्था गरी मासिकरुपमा (DHIMS) रिपोर्टिङ गर्ने व्यवस्था मिलाइनेछ ।

१९५. गाउँघर क्लिनिक तथा खोप क्लिनिक सञ्चालन गरिनेछ । साथै फिल्ड भत्ता दिने व्यवस्था मिलाइनेछ ।

१९६. बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ स्वास्थ्यकर्मीहरूलाई प्रचलित कानुन र सूचकका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी नाइट भत्ता दिने व्यवस्था मिलाइनेछ ।

१९७. गाउँपालिका भित्रका महिला बालबालिकाको पोषण अवस्था सुधारका लागि बहुक्षेत्रीय पोषण योजना संचालन गर्न गाउँपालिका तर्फबाट समेत आवश्यक बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९८. महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई क्षमता विकासका लागि देश दर्शन कार्यक्रम अन्तर्गत अवलोकन भ्रमणको व्यवस्था मिलाएको छु ।

## खानेपानी तथा सरसफाइ

१९९. ३ वर्ष भित्र सबै नागरिकलाई खानेपानी पुर्वाधारमा पहुँच सुनिश्चित गर्नका लागि चालु आ.व.मा कार्यान्वयन गरिएको प्रसौनी बृहद् खानेपानी योजनालाई यसै आर्थिक वर्षमा सातै वडामा विस्तार गरिनेछ । साथै नेपाल सरकारद्वारा निर्मित अधुरो योजनाहरु यथाशीघ्र सम्पन्न गर्न आवश्यक पहल गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२००. निश्चित समयमा सबैलाई आधारभूत खानेपानी उपलब्ध गराउने गरी स्थानीय तह र सामुदायिक गैर सरकारी संस्थाहरुले उपभोक्तासँग लागत सहभागितामा खानेपानी आयोजनाहरुका लागि समपूरक अनुदानको व्यवस्था मिलाएको छु ।

२०१. विगतका आर्थिक वर्षदेखिको एक घर एक स्वच्छ खानेपानी चापाकल कार्यक्रम अर्न्तगत चापाकल खरिद तथा वितरण र जडान कार्यलाई यस आ.व. मा पनि निरन्तरता दिइनेछ ।

## लैंगिक समानता र सामाजिक समावेशीकरण

२०२. **समावेशी विकास : समस्याको निकास** भन्ने नीतिलाई आत्मसात् गर्दै लक्षित वर्ग, महिला, दलित, फरक क्षमता (अपाङ्गता) भएका व्यक्ति, जनजाति, बालबालिका, जेष्ठ नागरिक लक्षित कार्यक्रमहरू मार्फत शसक्तीकरण गर्दै आयआर्जन, सीपमूलक विभिन्न कला र संस्कृति झल्किने कार्यक्रमहरुको आयोजना गरी संस्कृति संरक्षण तथा सम्वर्द्धन गरिनेछ । यसका लागि **टोलटोलमा टोलटोलमा मेयर उपमेयर कार्यक्रम** मार्फत आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ । यसले गाउँपालिकाको धार्मिक सांस्कृतिक पर्यटनमा टेवा पुऱ्याउने विश्वास लिएको छु ।

२०३. छुवाछुत, जातिय, भेदभाव लगायतका विकृति न्यूनीकरणमा विशेष अभियान सञ्चालन गरिनेछ ।

२०४. फरक क्षमता (अपाङ्गता) भएका व्याक्तिहरूको परिचय पत्र वितरण कार्य सहज र सरल बनाई क्षमता र सीप विकासमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२०५. जेष्ठ नागरिकसँगको ज्ञान, सीप र अनुभवलाई आत्मीकरण गर्न विभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालन साथै सम्मान कार्यक्रम गरिनेछ ।

२०६. मूर्त-अमूर्त सांस्कृतिक सम्पदा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम मार्फत गाउँपालिकाकालाई जिल्लाकै सांस्कृतिक धरोहरका रुपमा विकास गरिनेछ ।

२०७. यस गाउँपालिकाका ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई उपचार वापत वार्षिक रु. ६ (छ) हजार नगद र सम्मान गरिनेछ । साथै मोतियाविन्दु भएको नागरीकको मोतियाविन्दु अपरेशन निःशुल्क गर्ने व्यवस्था मिलाएको छु ।

२०८. विषेश प्रकृतिका रोगीलाई एकपटकका लागि मात्र रु.१० हजार नगद सहयता प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

२०९. अध्यक्ष बेटी पढाउ बेटी बचाउ विमा/मुद्दति खाता कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२१०. एकल (विधवा) महिलाहरुको क्षमता विकास तथा सशक्तिकरण गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२११. सबै वडा/टोलमा बाल क्लब गठन तथा अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ ।

२१२. सबै वडा/टोलमा महिला समूह गठन/अभिमुखिकरण तथा परिचालनको साथै विभिन्न किसिमको कार्यक्रमको व्यवस्था गरिनेछ ।

२१३. बाल शिक्षिकालाई बाल शिक्षा अभिमुखिकरण तालिमको व्यवस्था मिलाएको छु ।

२१४. बालबालिकासँग मेयर/उपमेयर कार्यक्रम संचालन गरिने छ ।

२१५. लौंङ्गिक हिंसा विरुद्ध सशक्तिकरण अभियान कार्यक्रम ल्याएको छु ।

२१६. सासु–ससुराको राम्रो हेरचार गर्ने बुहारीलाई सम्मान कार्यक्रम ल्याएको छु ।

२१७. महिलाहरुको लागि सीप विकास तालिम अन्तर्गत सिलाई कटाई तालिम संगै २ ठाउँमा सिलाई कटाई केन्द्र स्थापना गरिनेछ ।

२१८. एकल पुरुष (विदुर) लाई प्रोत्साहित गर्न आवश्यक सहयोगात्मक कार्यक्रम संचालन गरिनेछ ।

२१९. मेयर उज्यालो कार्यक्रम अर्न्तगत गाउँपालिका भरी सोलार वत्ती जडान गरिनेछ ।

२२०. बालहेल्प लाइन नं. सँग समन्वय गरी बालबालिकाको संरक्षणका लागि यसै आर्थिक वर्षमा कार्य प्रारम्भ गरिनेछ ।

२२१.गाउँपालिकाद्वारा प्रदान गरिने कुनै किसिमको सेवा सुविधा यस गाउँपालिकाको नागरिकलाई मात्र उपलब्ध गराईने छ ।

२२२. राष्ट्रिय स्तरको चाडपर्व, मेला तथा दिवस मनाउन(जस्तै : प्रजातन्त्र दिवस,सहिद दिवस, नारी दिवस, तीज लगायत अन्य) आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२२३. यस गाउँपालिकाका गरिब तथा दलित चेलीहरुको सामाजिक सांस्कृतिक रीतिरिवाज तथा परम्परा अुनसार सामूहिक विवाह आयोजना गर्ने व्यवस्था मिलाएको छु ।

२२४. यस गाउँपालिका भित्रका सम्पूर्ण एकल महिला, जेष्ठ नागरिक र एकल पुरुषलाई वस्तुगत सहायता कार्यक्रम अन्तर्गत पङ्खा वितरण गरिनेछ ।

२२५. यस गाउँपालिका भित्रका विभिन्न मठमन्दिर, मस्जिद तथा मदरशाहरुमा आवश्यकता अनुसार वस्तुगत सहायता स्वरुप भाँडावर्तन वितरण गरिनेछ ।

## भौतिक पूर्वाधार विकास - *भौतिक पूर्वाधार समुन्नतिको आधार : विकास जनताको अधिकार*

२२६. यस गाउँपालिका मातहतका विभिन्न सरकारी निकाय तथा कार्यालयहरूको व्यवस्थापनका साथै यसै आर्थिक वर्षभित्रै गाउँपालिका र भवन नभएका वडा कार्यालयहरुको आफ्नै नाममा जग्गा प्राप्त गरी सोको डि.पि.आर. गराई सो बमोजिमको आवश्यक बजेटका लागि नेपाल सरकार, प्रदेश सरकार र यस स्थानीय सरकारको सहकार्यमा गाउँकार्यपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गर्नुका साथै क्रमागत रूपमा वडाको वडाकार्यालय भवन निर्माण कार्य यसै आर्थिक वर्षमा सुरु गरिनेछ ।

२२७. आर्थिक वर्ष २०७८/०७९ भित्रै गाउँपालिकाको समग्र क्षेत्रको जनअपेक्षित तथा सुव्यवस्थित विकास र समृद्धिका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य सहितको ५ देखि २० वर्षीय बृहत् एकीकृत विकास योजना अर्थात् आवधिक गुरु योजना(Integrated Urban Development Plan - IUDP) तयार गरी पूर्वाधार विकासका केही ठूला र विशेष महत्वका योजनाहरू सञ्चालनमा ल्याइनेछ ।

२२८. यसै आर्थिक वर्षमा यस गाउँपालिकाको भूउपयोग नीति तयार गरी सोही अनुरुप विकास निर्माण तथा सहरीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२२९. बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ मा व्यवस्था भए बमोजिम घरमा सेफ्टी ट्याङ्की निर्माण र जडान भएका तथा तोकिएको सडक क्षेत्राधिकारको जग्गा पुग्ने गरी सडकको चौडाइ भए पश्चात मात्र घरलाई निर्माण सम्पन्न प्रमाण पत्र दिने व्यवस्थालाई कडाइका

साथ लागू गरिनेछ । यसका लागि गाउँपालिका यातायात गुरुयोजना (Municipal Transportation Master Plan - MTMP) निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु । साथै हाल भएका र अब निर्माण हुने सडकमा अवरोध खडा गरी क्षति पुगेमा सोको क्षतिपूर्ति सम्बन्धित व्यक्ति, पक्ष, निकाय वा घरपरिवारबाट असुल उपर गर्ने नीति कडाइका साथ लागू गरिनेछ ।

२३०. सङ्घीय सरकार, पूर्वाधार विकास साझेदारी कार्यक्रम तथा प्रदेश सरकारको सहयोग तथा स्थानीय सरकारको सहकार्यमा गाउँपालिका जोड्ने मुख्य सडकहरू ग्राभेल तथा कालोपत्रे गर्ने कार्यमा विशेष पहल र जोड दिइनेछ ।

२३१. यसै गाउँभाबाट पारित गराई गाउँपालिकाद्वारा गरिने विभिन्न भौतिक पूर्वाधारमा लाग्ने सामाग्री तथा मजदुरीका दररेटको कार्यविधी बनाई लागू गर्ने सम्बन्धी सर्वाधिकार कार्यपालिकामा रहने व्यवस्थमा मिलाएको छु ।

२३२. घर नक्शा पास गराउँदा अनिवार्य रुपमा ३ फिट जग्गा छोड्नु पर्नेछ साथै झ्याल, ढोका राख्नको लागि २ फिट गरी जम्मा ५ फिट खाली जग्गा छाडी नक्शा बनाउनु पर्ने व्यवस्था ल्याएको छु ।

२३३. यस गाउँपालिकाभित्र सार्वजनिक जग्गामा निर्माण भएको घर टहरा हटाइनेछ । साथै मिचिएका सार्वजनिक जग्गा एकिन गरी गाउँपालिका मातहतमा ल्याइने छ ।

२३४. नक्शा पास नगराई घर, टहरा, पर्खाल निर्माण कार्य भएमा कार्यवाहीको नीति लिइनेछ ।

२३५. विद्युतीकरण अन्तर्गत वडा नं. १ देखि ७ सम्म तारपोल र ट्रन्सफरमर जडान गरिनेछ ।

२३६. नापीनक्शा अनुसार सडक चौडा गरी सडक ढलान र नाला निर्माणको कार्यलाई तिव्रता दिइनेछ ।

२३७. हाल भइरहेका सडकहरूको स्तरोन्नति गरिनेछ भने वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका दृष्टिले नयाँ सडक खोल्ने कार्यलाई अत्यावश्यक बाहेक निरुत्साहित गरिनेछ ।

## सिंचाई

२३८. सिंचाई व्यवस्था नभएका खेतीयोग्य जमिनहरूको वर्गीकरण गरी आवश्यक ठूला साना सिंचाई कार्यक्रमहरूसञ्चालन गरिनेछ ।

२३९. ५ विगहा सिंचाई हुने गरी मात्र लालपूर्जाको आधारमा मात्र स्यालो ट्युवेल वितरणको व्यवस्था मिलाएको छु ।

२४०. गाउँपालिकाबाट सिंचाईको लागि स्रोत नपुग भएमा समपुरक अनुदानको व्यवस्था मार्फत वा विशेष अनुदान कार्यक्रम अन्तर्गत प्रदेश सरकार र सङ्घीय सरकारसँग अनुदान माग गरी प्रत्येक वडामा डिप बोरिङ गरी सिंचाइ सुविधा उपलब्ध गराइनेछ ।

## भवन तथा सहरी विकास

२४१. अति विपन्न परिवारको पहिचान गरी घरविहीन परिवारको लागि जनता आवास कार्यक्रम तथा गरिवसँग गाउँपालिका कार्यक्रम सञ्चालन गरिनेछ ।

२४२. सार्वजनिक जग्गा, पोखरी, ताल तलैया आदिको अभिलेख राखी त्यस्ता प्राकृतिक सम्पदालाई गाउँपालिका मातहतमा ल्याइनेछ ।

# वातावरण तथा विपद् व्यवस्थापन

## वन, वातावरण, जलवायु तथा भूसंरक्षण

### वन

२४३. स्वच्छ, हराभरा र प्रदुषण मुक्त गाउँपालिका स्थापित गर्न अध्ययन संचालन गरी जैविक विविधता तथा जलवायू परिवर्तन अनुकुलनमा गाउँपालिका, निजी क्षेत्र, सहकारी तथा सामुदायिक र गैर सरकारी क्षेत्र बीच सहकार्य गरिनेछ ।

२४४. जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकलनका कार्यक्रम संचालन गरिनेछ । आसपासका सवै क्षेत्रहरुको सफाइमा विशेष ध्यान दिइनेछ ।

२४५. जलवायु परिवर्तनलाई ध्यान दिई वृक्षारोपण सँगै "एक घर एक फल" विरुवा वितरण गर्ने व्यवस्था गरेको छु ।

२४६. हरेक वडामा रहेको ऐलानी जग्गा एकिन गरी वृक्षारोपणको व्यवस्था गरिनेछ ।

२४७. विद्यालयहरुमा इको क्लब गठन गरी गाउँपालिकाको सहकार्यमा वातावरण संरक्षण तथा सरसफाई कार्यक्रमलाई अगाडि बढाउने व्यवस्था मिलाएको छु ।

२४८. धुवाँरहित भान्छाघर कार्यक्रम अन्तर्गत एक घर एक ग्याँस चुल्हो सेट वितरण गर्ने व्यवस्था मिलाएको छु ।

२४९. यस गाउँपालिकाको उपयुक्त स्थल छनौट गरी वनभोज स्थल (पिकनिक स्पट) को व्यवस्था गरिनेछ ।

२५०. **प्रसौनी गाउँपालिकाको वन : प्रसौनीबासीको धन** भएकाले वन, वन्यजन्तु, पशुपंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

२५१. **विपद् व्यवस्थापन : सबै सावधान**को नीति अनुरुप नदी नियन्त्रण, जलाधार संरक्षण, वन फडानी नियन्त्रण, वन्यजन्तु चोरी निकासी नियन्त्रण, वन पैदावार चोरी निकासी नियन्त्रण, वृक्षारोपण कार्यक्रम, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ ।

२५२. जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्यररत विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरी जलवायु अनुकुलन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ । बाढी, हावाहुरी, डुवान तथा भू-क्षयलाई न्यूनीकरण गर्न बायो इन्जिनियररिङ्गको प्रविधि अङ्गिकार गरिनेछ ।

२५३. नदी कटान र डुबानको खतरा हुने स्थानको पहिचान गरी ढुङ्गा, वालुवा र गिटी लगायत उत्खनन् गर्ने कार्यमा बन्देज लगाइनेछ साथै उक्त क्षेत्रको वृक्षारोपण तटबन्ध निर्माण गर्ने कार्यमा संघ र प्रदेशको समेत सहयोग लिइनेछ ।

२५४. प्रसौनी गाउँपालिकाका सडकको दुवै छेउमा वृक्षरोपण गरिनेछ ।

### जलाधार संरक्षण

२५५. एक वडा एक पोखरी अभियान सञ्चालन गरी जलाधार संरक्षणको कार्यलाई जोड दिइनेछ ।

### फोहोरमैला व्यवस्थापन

२५६. हरेक वडाका टोल बस्तीहरूमा फोहोरमैला विसर्जन स्थल निर्माण कार्यलाई प्रभावकारी बनाइनेछ ।

२५७. कुहिने र नकुहिने फोहोर छुट्याई कुहिने फोहोरबाट जैविक मल बनाउन प्रोत्साहन गरिने छ ।

२५८. प्लास्टिकजन्य वस्तुहरूको आयत न्यूनीकरण विशेषजोड दिइनेछ ।

२५९. गाउँपालिका अन्तर्गतका सबै सार्वजनिक निकायहरूमा सुविधा सम्पन्न शौचालय निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

२६०. प्रसौनी गाउँपालिकाबासीको रहर : सफा र स्वस्थ गाउँघर भन्ने नीति अनुरुप यस गाउँपालिकाभित्रका प्रमुख बजारकेन्द्र तथा सार्वजनिक जमघट र भेला हुने महत्वपूर्ण स्थानमा फोहोरमैला व्यवस्थापन सम्बन्धी विगत आर्थिक वर्षभैँ यस आर्थिक वर्षमा पनि निरन्तरता दिँदै यसलाई सबै वडामा अफ्ट थप विस्तार विस्तार गर्दै लाने व्यवस्था मिलाइनेछ । साथै प्रमुख बजारकेन्द्र तथा सार्वजनिक जमघट र भेला हुने महत्वपूर्ण स्थानमा फोहोरमैला व्यवस्थापनका लागि फोहोर कन्टेनर (डस्टबिन) को व्यवस्था गरिनेछ ।

२६१. स्वच्छ प्रसौनी गाउँपालिका सफा प्रसौनी गाउँपालिका कार्यक्रम अन्तर्गत आवश्यक स्वीपरको व्यवस्था गरिनेछ ।

२६२. बजार व्यवस्थापनसँगै बजार क्षेत्र आसपास र सार्वजनिक स्थानहरुमा घुम्ती शौचालय व्यवस्था गर्न पहल गरिनेछ ।

२६३. खुला दिशामुक्त यस गाउँपालिकाका प्रत्येक वडामा स्थानीय समुदायको सहकार्यमा पोष्ट ओ.डि.एफ. कार्यक्रम यही आर्थिक वर्षदेखि सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

## विपद व्यवस्थापन

२६४. विपद व्यवस्थापनसँग सम्बन्धित ऐन, कानून, कार्यविधी निर्माण गरी कार्यन्वयन गरिनेछ ।

२६५. विपद व्यवस्थापन कोषमा आवश्यक रकम थप गर्दै लगिनेछ ।

२६६. विपद व्यवस्थापनको पूर्व तयारीमा आवश्यक सामाग्री, औजार, उपकरण, खरिद गरी विपद व्यवस्थापन समिति मार्फत प्रयोगको लागि व्यवस्था गरिनेछ ।

# संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

२६७. गाउँपालिकाको कार्यालय, वडाकार्यालय तथा विषयगत शाखा वा इकाइको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाइनेछ । त्यसको लागि आवश्यक कागजात, लाग्ने समय, प्रक्रिया र दस्तुर समेतको जानकारी हुने गरी मोबाइल एप्सको निर्माण गरिनेछ । यस्तो एप्सलाई गाउँपालिका सम्बन्धी जुनसुकै जानकारी प्राप्त गर्न सकिने स्रोतका रूपमा स्थापित गरिनेछ ।

२६८. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, तेस्रो पक्ष अनुगमन, सामुदायिक स्कोर कार्ड जस्ता विधिहरूको प्रयोग गरी सुशाासन अभिवृद्धि गरिनुका साथै भ्रष्टाचार विरुद्धको शून्य सहनशीलतामा जोड दिइनेछ ।

२६९. आवश्यक स्थानहरूमा एकीकृत घुम्तिसेवा समेत सञ्चालन गरिनेछ ।

२७०. उपभोक्ता समितिलाई योजना सम्पन्न गर्न गराउन अपनाउनु पर्ने विधि, प्रक्रिया लगायतका सम्पूर्ण विषयमा जानकारी हुने गरी भादौदेखि कार्तिक मसान्तभित्र सातै वडामा कम्तिमा १ दिने अभीमुखीकरण तालिम दिने व्यवस्था मिलाइनेछ । साथै उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने सबै योजना तथा कार्यक्रमहरुको मङ्सिर मसान्तभित्र यथाशक्य वडा कार्यालयमै सम्झौता शिविर सञ्चालन गरी योजना सम्झौता र कार्यादेश दिइनेछ । उपभोक्ताहरूले बुझ्ने गरी लगत इस्टिमेट तयार पार्ने व्यवस्था मिलाइनेछ । अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

२७१. वेभसाइट, श्रव्य-दृश्य (अडियो-भिजुअल) सूचना पाटी तथा नागरिक वडापत्रको उपयोगलाई प्रभावकारी बनाइनेछ ।

२७२. वित्तीय तथा आर्थिक अनुशासन कायम गर्न र छिटो छरितो सेवा प्रवाह गर्न प्रशासनिक क्रियाकलापमा प्रविधिको प्रयोगमा जोड दिइनेछ । लेखा, राजस्व, जिन्सी तथा जनशक्ति व्यवस्थापन लगायतका कार्यलाई समेत सफ्टवेयरमा आधारित बनाइनेछ ।

२७३. स्क्यानर सहितको कलर प्रिन्टर प्रत्येक वडाकार्यालयसम्म पुऱ्याई भरपर्दो इन्टरनेट सुविधा विस्तार गरी सम्पत्ति कर, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा वितरण, दर्ता नवीकरण लगायतका कार्यहरूलाई वडास्तरबाटै अनलाइन सिस्टममा लगिनेछ ।

२७४. पुराना घटना दर्ता सुरक्षित गर्नका लागि डिजिटाइजेसन गरिनेछ । घटना दर्ता गर्न कोही नछुटुन् कोही नदोरियुन् भन्ने उद्देश्यका साथ घटना दर्ता र सामाजिक सुरक्षामा पहुँच पुऱ्याउन सञ्चार तथा वडा वडामा घटना दर्ता शिविर सञ्चालन गरिनेछ ।

२७५. गाउँपालिकाको वेभसाइटलाई सम्पूर्ण सूचना प्राप्त गर्न सकिने थलोका रूपमा विकास गर्नुका साथै गाउँपालिका तथा वडाकार्यालय समेतको फेसबुक पेज निर्माण गरी सूचना सम्प्रेषणमा जोड दिइनेछ ।

२७६. भ्रष्ट्राचारजन्य गतिविधिको संरक्षण तथा पक्षपोषण गर्ने संस्कृतिको अन्त्य गर्दै भ्रष्ट्राचार गर्ने र गराउने दुवै पक्षलाई कानुनको दायरामा ल्याइनेछ ।

२७७. सुचना प्रविधिको क्षेत्रमा भएको असल अभ्यास लाई अनुसरण गरी आगामी दिनमा गाउँपालिकाले प्रदान गर्ने सबै सेवाहरुलाई क्रमशः विधुतिय प्रणालिमा रुपान्तरण गरिनेछ ।

२७८. निर्णय प्रक्रियालाई शिघ्र र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीलाई नतिजाप्रति उत्तरदायी र जिम्मेवार बनाइनेछ । आर्थिक अनुशासनको कडाईका साथ पालना गरिनेछ ।

२७९. पञ्जीकरण व्यवस्थित बनाउन अनलाइन इन्ट्रिको व्यवस्था मिलाइनेछ ।

२८०. यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण कार्यालयमा विद्युतीय हाजिरीको व्यवस्था मिलाइनेछ ।

२८१. छिमेकी परवानीपुर, फेटा र विश्रामपुर गाउँपालिकासँग भगिनी सम्बन्ध कायम गरिनेछ ।

२८२. सामाजिक सञ्जालमा पहुँच पुऱ्याउन हरेक वडामा वाइफाइ (वायरलेस इन्टरनेट) सुविधाको व्यवस्था मिलाइनेछ ।

२८३. गाउँपालिकाको विकास गतिविधिको प्रशारण तथा जनताको अपेक्षा संकलनका लागि स्थानीय सञ्चार माध्यमको प्रयोग गरिनेछ ।

२८४. सूचना प्रविधिमा आधारित रही राजस्व सम्बन्धी सम्पूर्ण कारोबार अनलाइन प्रणाली मार्फत सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

२८५. युवालाई व्यवसायिक तथा उद्यमशीलता तालिम, नव प्रवर्तन पूँजी र प्रविधिमा पहुँच तथा सहज व्यवसायिक वातावरण उपलब्ध गराई उद्यमी बनाइनेछ ।

२८६. कर्मचारीको क्षमता विकासका लागि आवश्यक विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । विज्ञ झिकाइ कर्मचारी तथा जनप्रतिनिधिहरूलाई सेवाग्राहीमैत्री बनाउन उत्प्रेरणात्मक तथा सकारात्क सोच र समृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२८७. गाउँपालिकाका सबै कार्यालयहरूलाई डिजिटाइजेसन गर्ने गरी तयारी गरिनेछ ।

२८८. सम्पत्ति कर सम्बन्धी व्यवस्थालाई अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ ।

२८९. गाउँपालिकाका सबै वडा तथा कार्यालयहरूमा सुझाव पेटिका, नागरिक वडापत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ ।

२९०. गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहीहरूलाई सहज रूपमा सेवा लिनका लागि कार्यालयमा स्थापना गरिएको सहायता कक्षको स्थापना गरिनेछ ।

२९१. न्यायिक समितिलाई अझै थप जवाफदेही तथा सुदृढ बनाउन गाउँपालिकास्तरीय मेलमिलाप समिति गठन गरिने छ।

२९२. न्यायिक समितिलाई व्यवस्थित तथा भरपर्दो बनाउन इजलास तथा ड्रेसको व्यवस्था मिलाएको छु ।

२९३. वडा नं २ को गोईठई, बेलहिया र वडा नं. ५, ६ र ७ हेर्ने गरी अस्थायी प्रहरी चौकी स्थानाको लागि पहल गरिने छ ।

२९४. न्यायिक समिति अन्तर्गतका मुद्दा मामिलाको कार्य सम्पन्न तथा सरलताका लागि ल्यापटप लगायत किबोर्ड, प्रिन्टर सहित टेबुल कुर्सीको समेत व्यवस्था मिलाईनेछ ।

२९५. न्यायिक समितिमा दिने निवेदन, फिराद लिखित जवाफ व्यक्तिले आफ्नो मनपर्दो कानून विपरित जस्तो सुकै निवेदन लिई आउने गरेकोले प्रत्येक वोर्डमा कानूनी प्रशिक्षण सम्बन्धी कार्यक्रम आवश्यक देखिदा आवश्यकता अनुसारको सम्पूर्ण कुराको व्यवस्था मिलाउने तथा उपलव्ध गराउने लगायत न्यायिक समितिको भ्रमणको लागि व्यवस्था मिलाईनेछ ।

२९६. अड्डा अदालतमा मुद्दा मामिला सम्बन्धिी वारिस/प्रतिनिधिमा लाग्ने खर्चको व्यवस्था गरिनेछ ।

२९७. न्यायिक समितिबाट प्रदान गरिने न्यायिक निरुपणका लागि न्यायिक समितिको सचिवालय र इजलास स्थापना गरिनेछ । साथै क्षमता विकास सम्बन्धी तालिम, गोष्ठी र अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ

२९८. न्यायिक समिति अन्तर्गत प्रत्येक वडामा गठित मेलमिलाप केन्द्रबाट नियमानुसार छिटो छरितो ढङ्गले प्रसौनी गाउँपालिकाको शान्ति सुरक्षा व्यवस्थित गर्नका लागि आ.व.०७८/०७९ देखि आवश्यक प्रक्रिया पुऱ्याई १० जना गाउँपालिका प्रहरी भर्ना गर्नेव्यवस्था मिलाएको छु ।

२९९. यस गाउँ कार्यपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको स्थानीय प्रोत्साहन भत्ता कार्य सम्पादनको आधारमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

३००. कार्यालय समय बाहेक विहान बेलुका गाउँसभाको तयारीमा खट्नु भएका पदाधिकारी तथा कर्मचारीहरुलाई ३० दिनको तलब बराबरको थप सुविधा उपलब्ध गर्ने व्यवस्था मिलाएको छु ।

३०१. विद्यालयहरुमा निजी स्रोतमा कार्यरत कर्मचारी तथा शिक्षक हरुलाई रु ४०००।- का दरले पोशाक सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

३०२. महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रति महिना रु. २०००।–(दुई हजार)का दरले प्रोत्साहन भत्ता दिने व्यवस्था मिलाएको छु ।

**सम्माननीयसभाध्यक्षज्यू,**

यस गाउँपालिकाको समृद्धिको यात्रामा पुनः कोभिड-१९ सङ्क्रमणको कारण केही अवरोध सिर्जना भएको छ । देश बन्दाबन्दीको अवस्थामा रहँदा बन्द प्रायः रहेका आर्थिक गतिविधिहरूलाई अव पुनःजीवन दिन र यथास्थानमा ल्याउन थप प्रयास गर्नु पर्ने भएको छ ।

हामीले पर्याप्त समस्याहरूका बीचमा सम्भावना खोज्दै गरेको अवस्था हो । मुलुकले सङ्घीय शासन व्यवस्था अबलम्वन गरे पश्चात् स्थानीय तहमा सम्भावना र अवसर खोज्ने साथै मुलुकको कायाँपलट गर्ने दायीत्व हाम्रो काँधमा रहेको छ । यसका लागि हामीले योजना तर्जुमा गर्दा सेवामूलक, उत्पादनमूलक, रोजगारमूलक, वातावरणमैत्री र रीतिरिवाजको संरक्षण गर्ने खालका कार्यक्रमहरूलाई सन्तुलित ढङ्गले अगाडि बढाउन सकियो भने मुलुकले अगाडि सारेको **समृद्ध नेपाल : सुखी नेपाली**को दीर्घकालीन सोच साकार पारेर देशलाई समृद्ध बनाउन सकिने कुरामा विश्वास व्यक्त गर्न चाहान्छु । यस गाउँपालिकालाई समृद्ध बनाई जनतालाई सुखी बनाउन सकिन्छ । हामीले यी अवसर उजागर गर्दै नमुना गाउँपालिका बनाउन जनताले हामीलाई निर्वाचित गरी पठाउनु भएको छ । जनताको नजरमा हामीले यो अग्नि परीक्षामा उत्तीर्ण हुनु छ । यो जङ्घार तर्ने माध्यम भनेको हामीले बनाएको नीति तथा कार्यक्रम र यसलाई सघाउने योजना निर्माण नै हुन् । तसर्थ आजको प्रस्तुत

नीति तथा कार्यक्रम अनुसार आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम बन्ने र प्रभावकारी कार्यान्वयनमा गम्भीर छलफल र सल्लाह सुझाव प्राप्त हुने नै छ भन्ने पूर्ण विश्वास लिएको छु ।

आजको प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष रुपमा अहोरात्र खटिई सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री धनेन्द्र भुजेलज्यू तथा आर्थिक प्रशासन शाखा र अन्य विषयगत शाखाका कर्मचारी साथीहरूलाई विशेष धन्यवादका साथै आजको यस कार्यक्रममा पाल्नु हुने प्रमुख अतिथि, विशेष अतिथि, लगायत सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू तथा राजनीतिक दलका पार्टी प्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, शिक्षक शिक्षिका, पत्रकार, सुरक्षाकर्मी र देश विदेशमा रहनु भएका यस प्रसौनी गाउँपालिकाबासी आम दाजुभाइ, दिदीबहिनीहरू सबैमा हार्दिक कृतज्ञता र आभार प्रकट गर्दछु र अब म प्रसौनी गाउँपालिकाको आ.व.२०७८/०७९ को आय-व्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

| आय तर्फ | | |
|---|---|---|
| वित्तिय हस्तान्तरण (नेपाल सरकार) | | ३२,२०,४७,०००।०० |
| १. समानिरकण अनूदान | १०,८८,००,०००।०० | |
| २. सशर्त अनूदान | १४,०३,००,०००।०० | |
| ३. विशेष अनूदान | ८४,०००००।०० | |
| ४. समपूरक अनूदान | ६२,०००००।०० | |
| ५ जलविद्यूत रोयाल्टी | ५,०००००।०० | |
| ६ राजस्व वांडफाड | ५,७८,४७,०००।०० | |
| वित्तिय हस्तान्तरण (प्रदेश सरकार) | | २,४३,१७,०००।०० |
| १. समानिरकण अनूदान | ७३,१७,०००।०० | |
| २. सशर्त अनूदान | ८०,००,०००।०० | |
| ३. विशेष अनूदान | ३०,००,०००।०० | |
| ४. समपूरक अनूदान | २०,००,०००।०० | |
| ५. राजस्व वांडफांड | ४०,००,०००।०० | |
| आन्तरिक राजस्व गत आ.ब.को मौज्दात समेत | | १२,८०,३४,०००।०० |
| **जम्मा** | | ४७,४३,९८,०००।०० |

उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वयन गर्न निम्न अनुसारको बजेट बिनियोजन गरेको छु ।

| बजेट विनियोजन | | |
|---|---|---|
| आर्थिक विकास | ७८ लाख | अठहतर लाख |
| सामाजिक विकास | ४ करोड ९२ बयान्बे लाख ३०हजार । | चार करोड बयान्बे लाख तीस हजार |
| वन तथा विपद व्यवस्थापन | ३३ लाख | तेतीस लाख |
| सूशासन तथा स्रस्थागत क्षमता विकास | ७ करोड ४५लाख ७० हजार | सात करोड पैतालिस लाख सतरी हजार । |
| भौतिक पुर्वाधार | १७ करोड १५लाख ९८हजार | सत्रह करोड पन्द्र लाख अन्ठान्बे हजार |
| संघीय सशर्त अनूदान | १४करोड ०३ लाख । | चौदह करोड तीन लाख |
| संघीय विशेष अनूदान | ८४ लाख | चौरासी लाख । |
| संघीय समपूरक अनूदान | ६२ लाख | बासठ्ठी लाख । |
| प्रदेश सशर्त अनूदान | ८० लाख | अस्सी लाख |
| प्रदेश विशेष अनूदान | ३० लाख | तीस लाख |
| प्रदेश समपूरक अनूदान | २० लाख | बीस लाख |
| जम्मा | ४७ करोड ४३ लाख ९८हजार | सैतालिस करोड त्रिचालिस लाख अन्ठान्बे हजार मात्र । |

**धन्यवाद ।**